बैठक संख्या - ७

आज मिति २०७८ साल श्रावण महिनाको ३० गतेका दिन यस मडुवा गाउँपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखरेल ज्यू को अध्यक्षतामा मडुवा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखरेल ज्यू | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी ज्यू | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री मन्टु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री विर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्धिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सुर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री लाल बहादुर योगी | |

आमन्त्रित :- [illegible]

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं (लेखा)

श्री पुनाराम शर्मा , अधिकृत छैठौं ।

**मिति २०७९/०४/०९ गतेको कार्यपालिकाको बैठकमा प्रेसित प्रस्तावहरू**

**प्रस्ताव नम्बर १** : विगतका गाउँकार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वियन पक्ष सम्बन्धमा ।

**प्रस्ताव नम्बर २** : गढवा गाउँपालिकाको आ.व. २०७९/०८० का लागि बजेट विनियोजन भएको कृषि तथा पशु सेवा तर्फ अन्य संस्थासँगको साझेदारी कार्यक्रम कार्यान्वियन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ३** : गढवा गाउँपालिका अर्न्तगत संचालित क्रसर तथा बालुवा प्रशोधन उद्योगको छेउछाउमा तथा राप्ती नदि तथा अन्य खहरे खोलाहरूको किनारमा जथाभावी रूपमा डम्पिङ गरि राखेको बेवारिसे नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ४** : गढवा ८ कोईलाबासमा शहरी पूर्वाधार निर्माणका लागि विनियोजित २ करोड ९१ लाख बराबरको योजना छनौट सम्बन्धमा ।

**प्रस्ताव नम्बर ५** : लापा कार्यक्रम संचालनका लागि साझेदारी तथा आवश्यक प्राविधिक सहायक पदमा विज्ञापन गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर ६** : विपद सम्बन्धी विभिन्न घटनाहरू सम्बन्धमा ।

**प्रस्ताव नम्बर ७** : विभिन्न प्रकृतिका आर्थिक सहयोग सम्बन्धमा ।

**प्रस्ताव नम्बर ८** : सरस्वति मा.वि. विद्यानगर स्थानान्तरण पछि अफिस व्यवस्थापनमा सहयोग सम्बन्धमा । (फर्निचर, कार्पेट, फ्यान, पर्दा आदी) गर्ने ।

**प्रस्ताव नम्बर ९** : पशु विकास शाखाको कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नम्बर १०** : गाउँपालिकाका आ.व. २०७९/०८० मा स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वियन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ११** : गढवा गाउँपालिका क्षेत्रभित्रके जग्गाको वर्गिकरण सम्बन्धमा ।

**प्रस्ताव नम्बर १२** : गढवा गाउँपालिकाको गुनासो अधिकारी तोक्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर १३** : शहरी विकास गुरूयोजना निर्माण सम्बन्धमा ।

**प्रस्ताव नम्बर १४** : वहुउद्देश्यि सभाहल निर्माण सम्बन्धमा ।

**प्रस्ताव नम्बर १५** : गाउँपालिकास्तरिय खेलकुद मैदान निर्माणका लागि आवश्यक स्थान छनौट सम्बन्धमा ।

**प्रस्ताव नम्बर १६** : गढवा गाउँपालिका क्षेत्रभित्रको कबाडि व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नम्बर १७** : लुम्बिनी प्रदेश राजधानीको क्षेत्रविस्तारका लागि अनुरोध गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर १८** : गढवा गाउँपालिकामा बसपार्क तथा कोल्ड स्टोर निर्माणका लागि जग्गा छनौट सम्बन्धमा ।

**निर्णय नम्बर १** : प्रस्ताव नम्बर १ उपर छलफल गर्दा गढवा गाउँपालिका गाउँकार्यपालिकाको बैठकको विगतका निर्णयहरू र उक्त निर्णयहरूको कार्यान्वियन पक्षका सन्दर्भमा तपशिल बमोजिम समिक्षा गरियो ।

- सेवा प्रवाहमा ढिलासुस्ती भएको ।
- कर्मचारी अभावमा सेवा प्रवाह प्रभावित भएको ।
- गौशाला तथा डम्पिङ साईट व्यवस्थापन गर्नका लागि जग्गा व्यवस्थापन कार्यमा ढिलाई भईरहेको ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ

Scanned with CamScanner

- विकासका संरचना तथा पूर्वाधार निर्माणमा गाउँकार्यपालिका अवस्थित वडा नम्बर ६ मात्र केन्द्रीत नभई सबै वडाहरूमा समानुपातिक हुन नसकेको ।
- गाउँकार्यपालिकाबाट भएगरेका निर्णयहरूको प्रकाशन र कार्यान्वयन प्रभावकारी हुन नसकेको ।
- नदिजन्य पदार्थको चोरी नियन्त्रण कार्य प्रभावकारी हुन नसकेको ।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास जस्ता विषयगत शाखाहरूको कार्यक्रम एवं कार्यान्वयन पक्ष र विषयगत गुणस्तरियता र प्रभावकारीता नभएको ।

**निर्णय नम्बर २** : प्रस्ताव नम्बर २ उपर छलफल गर्दा गढवा गाउँपालिका गढवा गाउँपालिकाको आ.व. २०७९/०८० का लागि बजेट विनियोजन भएको कृषि तथा पशु सेवा तर्फ अन्य संस्थासँगको साझेदारी कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नम्बर ३** : प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा गढवा गाउँपालिका अन्तर्गत संचालित क्रसर तथा बालुवा प्रशोधन उद्योगको छेउछाउमा तथा राप्ती नदि तथा अन्य खहरे खोलाहरूको किनारमा जथाभावी रूपमा डम्पिङ गरि राखेको बेवारिसे नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा मिति २०७९/०४/०९ गतेको गाउँकार्यपालिकाको निर्णयानुसार मिति २०७९/०४/१० गतेका दिन एक साताको हदम्याद राखी उक्त डम्पिङ गरि राखेको व्यक्ति वा संस्थालाई तोकिएको मितिमा उक्त नदिजन्य पदार्थलाई वैधानिक साबित गर्ने आवश्यक कागजात सहित गाउँपालिकामा उपस्थित हुन सार्वजनिक सूचना आह्वान गरिएकोमा केही डम्पिङकर्ता सम्पर्कमा आई उक्त नदिजन्य पदार्थसँग सम्बन्धीत बिल भर्पाई पेश गरेकोले उक्त बिल भर्पाईको जाँचबुझ गर्ने र बाँकीको हकमा लोडर र टिप्पर भाडामा लिई उक्त क्षेत्रबाट उक्त नदिजन्य पदार्थ जफत कार्य शुरू गर्ने र सो समयमा समेत यदि कसैले गल्ती महशुस गरि नापजाँच भएको परिमाण बराबरको राजश्व दाखिला गरि सुरक्षित स्थानमा स्थानान्तरण गर्ने प्रतिबद्धता गरि आफूले डम्पिङ गरि राखेको नदिजन्य पदार्थको परिमाण नापजाँच गरिदिन आग्रह गरेको खण्डमा एक पटकको लागि मात्र निजको नाममा नापजाँच गरिदिने र सम्पर्कमा नआएकाहरूको हकमा उक्त नदिजन्य पदार्थ जफत गरि सुरक्षित स्थानमा डम्पिङ गरि राख्ने निर्णय गरियो । साथै उक्त कार्यमा हुने गाडिभाडा, खाना, खाजा तथा अन्य व्यवस्थापकिय खर्च गाउँपालिकाको आन्तरिक श्रोतबाट व्ययभार पर्नेगरि जफत कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नम्बर ४** : प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा सघन शहरी तथा भवन निर्माण आयोजना घोराही दाङको मिति २०७९/०४/०३ गतेको प्राप्त पत्रानुसार चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रममा दाङ जिल्ला कोईलाबास शहरी पूर्वाधार निर्माणका लागि २ करोड ९१ लाख रूपैया बजेट विनियोजन भएकोले उक्त रकम बराबरको योजना छनौट गर्नका लागि आवश्यकताका आधारमा सडक, पार्क तथा पर्यटन सम्बन्धी विकास तथा संरचना निर्माण गर्ने कार्यलाई प्राथमिकता दिई योजना छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ५** : प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा यस गढवा गाउँपालिकामा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ कार्यान्वयनका लागि यस गढवा गाउँकार्यपालिकाको तर्फबाट रु २० लाख रूपैया साझेदारी गर्ने र कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सब ईन्जिनियर (प्राविधिक सहायक), स्थानीय सेवाको पाँचौ तह सरहको पदमा पदपूर्ति गर्नका लागि सेवा करारमा कार्यक्रम अवधिभरका लागि मात्र कार्यअवधि रहनेगरि विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ६** : प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अन्तर्गत विपद सम्बन्धमा पर्न आएका विभिन्न विपद सम्बन्धी घटनाहरू सम्बन्धमा वन, वातावरण तथा विपद व्यवस्थापन समितिले

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

स्थलगत अबलोकन गरि आवश्यक छलफल पश्चात निर्णय गरि गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने र त्यसरी गाउँकार्यपालिकाको बैठकमा पेश भएका निर्णयहरूमा गाउँकार्यपालिकाको आवश्यक थप निर्णय वा समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ७** : प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा यस गढवा गाउँपालिकामा विभिन्न प्रकृतिका अशक्तता, असमर्थता तथा आवश्यक्ताका आधारमा आर्थिक हिसाबले विपन्न वर्ग, क्षेत्र वा समुदायका व्यक्तिहरूबाट माग भई आउने, सार्वजनिक महत्वको विषयमा माग भई आउने, औषधी उपचारका लागि माग भई आउने, अत्यन्त विपन्न भई खान लाउन तथा बाल बच्चाको लालनपालनमा समस्या भएर माग भई आउने साथै परिस्थिती अनुसार अन्य यस्तै प्रकृतिका आर्थिक सहयोगका निबेदनहरू सम्बन्धमा समयमा आवश्यक सहयोग गर्न तथा गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोगलाई प्रभावकारी तथा छरितो बनाउनका लागि वडा कार्यालयको सिफारिस भई आएमा गाउँपालिका अध्यक्षको तोक आदेशमा गढवा गाउँपालिकाको आर्थिक सहयोग कार्यविधि २०७८ को दायरामा रही बढिमा १० हजारसम्मको आर्थिक सहयोग तत्काल गर्ने र सो को अभिलेख राखी लगत्तै बस्ने गाउँकार्यपालिकाको बैठकमा समर्थन गर्ने गरि आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ८** : प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा राप्ती गाउँपालिका स्थित गौरिघाटमा संचालित राप्ती प्राविधिक शिक्षालयको परिसरमा लुम्बिनी प्रदेश राजधानी स्थानान्तरण गर्नका लागि उक्त राप्ती प्राविधिक शिक्षालयलाई गढवा गाउँपालिका वडा नम्बर ३ गोबरडिहामा संचालित सरस्वति मा.वि. विद्यानगरको परिसरमा स्थानान्तरण गर्ने र सरस्वति मा.वि. विद्यानगरलाई अन्य स्थानमा स्थानान्तरण गर्ने सहमति पश्चात नयाँ स्थानमा बनेको सरस्वति मा.वि. विद्यानगरको नवनिर्मित भवनमा अफिस व्यवस्थापनका लागि आवश्यक बजेटको अभावमा फर्निचर, कार्पेट, फ्यान, पर्दा आदी सामाग्रीहरूको व्यवस्थापन हुन नसकेकोले उक्त सामाग्रीहरूको व्यवस्थापनका लागि हुने खर्च व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ९** : प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अर्न्तगत पशु सेवा प्राविधिकहरूको व्यवस्थापनका लागि हाल पालिकामा उपलब्ध जनशक्तिबाट नै गाउँपालिका तथा सम्पूर्ण वडाहरूमा सेवा पुऱ्याउनका लागि तपशिल बमोजिम खटनपटन गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | कर्मचारीको नाम | हाल कार्यरत स्थान | खटाउने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | भक्त बहादुर रोका मगर | गढवा गाउँकार्यपालिकाको कार्यालय | पशु सेवा केन्द्र, गाउँपालिका पुरानो भवन | |
| २ | शरन कुमार चौधरी | पशु सेवा केन्द्र, गाउँपालिका पुरानो भवन | ३ नम्बर वडा कार्यालय, पशु सेवा प्राविधिक | |
| ३ | प्रेम सिंह खड्का | पशु सेवा केन्द्र, गाउँपालिका पुरानो भवन | ५ नम्बर वडा कार्यालय, पशु सेवा प्राविधिक | |

**निर्णय नम्बर १०** : प्रस्ताव नम्बर १० उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको आ.व. २०७९/०८० का लागि स्वीकृत बार्षिक योजना तथा कार्यक्रम कार्यान्वियनका लागि मिति २०७९ साल अश्विन महिनाको १४ गतेसम्म सम्झौता गरिसक्ने गरि कार्यान्वियन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नम्बर ११** : प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा यस गढवा गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न किसिमका जग्गाको वर्गिकरण सम्बन्धमा नेपाल सरकारले जारी गरेको भूउपयोग नियमावली, २०७९ को आधारमा प्रत्येक वडाबाट वडा समितिले निर्णय गरि आफ्नो वडा क्षेत्रको भूमिको वर्गिकरण गर्ने र सबै

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

वडाहरूको भूमिको वर्गिकरण पश्चात एकमुष्ट रूपमा गाउँकार्यपालिकाको बैठकमा आवश्यक छलफल पश्चात गढवा गाउँपालिकाको क्षेत्रभित्रको सबै प्रकारको भूमिको वर्गिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १२** : प्रस्ताव नम्बर १२ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको विकास निर्माण तथा समग्र सेवा प्रवाहको क्षेत्रमा रहेका कमि कमजोरी तथा सुधार गर्नुपर्ने विषयहरू सम्बन्धमा जनताले सहज रूपमा गुनासो व्यक्त गर्नका लागि यस गाउँपालिकामा कार्यरत्त अधिकृत छैठौ श्री पुनाराम शर्मालाई गढवा गाउँपालिकाको गुनासो अधिकारी तोक्ने निर्णय गरियो ।

**निर्णय नम्बर १३** : प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको शहरी विकासको गुरूयोजना निर्माणका लागि शहरी विकास मन्त्रालयमा आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १४** : प्रस्ताव नम्बर १४ उपर छलफल गर्दा यस गढवा गाउँपालिकामा बहुउद्देश्यि सभाहल निर्माण गर्नका लागि शहरी विकास मन्त्रालयमा आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १५** : प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा यस गढवा गाउँपालिकामा गाउँपालिकास्तरिय खेलकुद मैदान निर्माण गर्नका लागि गढवा गाउँपालिका वडा नम्बर ४ स्थित खड्गपुरमा रहेको मैदानलाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १६** : प्रस्ताव नम्बर १६ उपर छलफल गर्दा यस गढवा गाउँपालिका क्षेत्रभित्र रहेको कवाडजन्य फोहोर व्यवस्थापनका साथसाथै राजश्वमा समेत वृद्धि हुने भएकोले कवाडी व्यवस्थापनका लागि टेन्डर गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १७** : प्रस्ताव नम्बर १७ उपर छलफल गर्दा मिति २०७७/०६/२० गतेका दिन लुम्बिनी प्रदेशको राजधानी दाङ जिल्लाको देउखुरी उपत्यकामा तोकिएकोमा यस गढवा, गाउँपालिकाको वडा नम्बर १, २ र ३ मात्र राजधानी क्षेत्रमा समेटिएको सन्दर्भमा लुम्बिनी प्रदेशको समग्र राजधानी व्यवस्थापनका लागि जनसंख्या, भूगोल तथा नाका क्षेत्रलाई समेत समेट्न सकिने साथै उक्त कार्यले गढवा गाउँपालिकाको समेत समग्र विकाश हुने देखिएकोले लुम्बिनी प्रदेश सरकारसँग सम्पूर्ण गढवा गाउँपालिकालाई राजधानी गुरूयोजनामा समेट्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १८** : प्रस्ताव नम्बर १८ उपर छलफल गर्दा गढवा गाउँपालिकामा बसपार्क तथा कोल्ड स्टोर निर्माणका लागि जग्गा छनौट सम्बन्धमा सम्भावित स्थलहरूको स्थलगत अनुगमन गरी उचित स्थानको छनौट गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner